बालविवाह सन्दर्भ र हिन्दूधर्म

डिल्लीराम गौतम

बालविवाहका विषयमा कुरा गर्दा सामाजिक, राजनीतिक र धार्मिक दृष्टिबाट हामी कुन अवस्था छौं ? हिजौ कस्तो अवस्थामा थियौँ ? र अब हामीले कुन मार्गदृष्टिमा हिँडनुपर्छ ? यो गहन तर आवश्यक विषय हो । यसभित्र सामाजिक, राजनीतिक र धार्मिक मूल्य र मान्यताहरू जोडिएका छन् । मान्यताभित्र मूल्य छिपेको हुन्छ । तर त्यसलाई सामाजिक र राजनीतिक दृष्टिले मात्र हेर्‍यौँ भने त्यो मान्यता गलत लाग्न सक्छ । मान्यताका पछाडि धर्म, दर्शन र भौगोलिक अवस्थाका मूल्यहरू पनि त्यत्तिकै जोडिएर बसेका हुन्छन् ।

धर्म र वैदिक दर्शनहरू अध्यात्मसँग जोडिएका विषय हुन् । सुख र सुविधा भौतिक विषय हुन् । संसार भौतिक हो । यसले शरीरसँग सम्बन्ध राख्छ । शरीर पनि भौतिक पदार्थबाट निर्मित छ । यसर्थ यो भौतिक विषय हो । संसारको आश्रयमा शरीर भएका मानिसहरू बसेपछि त्यो समूह नै समाज बनेको हुन्छ । यसर्थ समाजमा गरिने हरेक व्यवहार सबैसँग मिल्ने हुनुपर्छ । जुन व्यवहार समाजसँग मिल्दैन त्यो असामाजिक हुन्छ ।

हिजोको समयमा एउटा समुदाय वा जातिको मात्र समाज थियो तर आज त्यो परिवेश छैन । गरिखान र काम गर्ने अवसर खोज्दै एक समुदायको मानिस अर्को समुदायमा बस्न पुगेको छ । धर्मगत र जातिगत मूल्य र मान्यताहरू त आफ्नै प्रकारका हुन्छन् । सबैको एउटै हुने कुरा पनि भएन । यति हुँदाहुँदै पनि समाजको आफ्नै मूल्य र मान्यता हुन्छ । एकआपसमा मिलेर बस्नु, एकले अर्कोलाई सम्मान गर्नु सामाजिक मान्यता हो ।

जाति र धर्मगत आआफ्नै रीतिस्थिति र परम्पराहरू छन् । जाति र धार्मिक प्रभाव र स्वभाव अनुरूप जीवन जिउन पाउने उसको अधिकार कसैले कुण्ठित गर्नु हुँदैन । यो सामाजिक दर्शन हो । यो सामाजिक आदर्श नविगारी कन हरेकले आआफ्ना आदर्शहरूको पालन गर्नुपर्छ । कसैले कसैलाई बहकाउनु र हानी पुर्‍यानु हुँदैन । यस सामाजिक दृष्टिलाई सङ्कुचन नगरी धर्म र राजनीतिका प्रभावहरूले आआफ्ना मूल्यहरू स्थापित गर्न छाड्नु हुँदैन । आफ्नो मान्यता स्थापित गर्न अरूको मान्यतालाई विस्थापित गर्नु हुँदैन । यो धार्मिक र राजनीतिक नीति होइन । धर्म त समाजको हृदय हो भने राजनीति उसको शरीर हो ।

धर्मले मन, बुद्धि र चिन्तनलाई संयम र अनुशासित राख्छ भने कानुनले पाँच इन्द्रियद्वारा समाजमा गरिने कामहरूलाई अनुशासित राख्छ त्यसैले धर्मशास्त्रहरूले आचार वा सदाचार भनेर धर्मको नियम बनाएका छन् भने समाजमा गरिने एकआपसका व्यवहारका लागि राजनीतिक रूपमा बनाएका नियमलाई व्यवहार भनिएको छ । आज हामीले व्यवहारलाई कानुन भन्ने गरेका छौँ ।

व्यावहारिक नियमहरू समय, परिस्थिति र आवश्यकता अनुरसार परिवर्तन हुँदै जान्छन् । सदाचारका नियमहरू सदैव एकै रूपले रहन्छन् । यो लामो अन्तरालमा गृहस्थ जीवनका सामाजिक नियमहरूमा फेरबदल भएका छन् । मनुस्मृति र पाराशर स्मृतिमा नै धेरै कुराको अन्तर भेटिन्छ । याज्ञवल्क्यस्मृति, वशिष्ठस्मृति समय र परिस्थिति अनुसारका व्यावहारिक नियमहरू लिएर आएका छन् । यसर्थ शुद्ध मनुस्मृति पाउन कठिन छ तथापि अनुसन्धाताहरूले खोज गरिरहेका छन् ।

जो समाजमा नितान्त सामाजिक आधार मानिने स्मृतिहरू थिए तिनीहरूका व्यवहार अध्यायमा थप घट भएका छन् । ती कुरा तत्कालीन समयका आवश्यकता थिए तर आज समय र अवस्था बदलिएको छ । ती कानुनी कुराहरू आजको समाजमा असान्दर्भिक हुन पुगेका छन् । आज बालविवाह कानुनले मान्यता नदिए पनि प्रचलनमा आइरहेको छ । कानुनी दण्ड सजाय भए तापनि यो विद्यमान रहनु सबैका लागि जटिल समस्या हो । जुन सन्दर्भमा स्मृतिमा आए त्यो सन्दर्भ पनि आज छैन र आज स्मृतिका आधारमा देशको कानुनी व्यवस्था पनि छैन । संविधान नाम दिएर देशले मूल कानुन बनाएको अवस्था छ तथापि धार्मिक रूपमा स्मृतिबाट आएका यस्ता कुराहरू समाजका केही समुदायले छोड्न सकेका छैनन् ।

हामी वैदिक सनातन हिन्दू परम्पराबाट निर्देशित हुँदै आएका देशमा छौँ । हिजो वैदिक ज्ञानमा आधारित स्मृतिबाट चल्दै आएका थियौँ । स्मृतिका व्यवहार अध्यायमा रहेका क्षेपकका आधारमा हिन्दुभित्र बालविवाह छ भनी राजनीतिक नारा बनाउँदै पनि आएका छौँ । वास्तवमा वेदमा बालविवाहको कतै सङ्केत पनि छैन । हामी वेद ज्ञानका निर्देशनमा चल्दै आएका हौँ । बालविवाह हिन्दूपरम्परामा पनि देखा परेको समस्या चाहिँ हो तर यो धर्मको जगबाट आएको कुरा होइन । विवशता र वाध्यताको उपजलाई धर्मसँग जोड्नु किमार्थ उचित हुँदैन । समाजका आरोह अवरोहरूमा आएका प्रथा र परम्पराहरू नै हुन् भन्न पनि सकिँदैन । धर्मको उद्देश्य मानवताको उन्नयन हो त्यसैले धर्मको जरो ज्ञानमा रहन्छ । ज्ञान जहिल्यै स्वस्थ र सभ्य समाजको निर्माणमा रहेको हुन्छ । यसर्थ बालविवाह धर्मको उपज होइन । विवाहका सन्दर्भमा अथर्ववेदमा आफू ब्रह्मचर्यमा रहेर कन्याले युवालाई पतिका रूपमा रोज्नुपर्छ[१] भन्ने अर्थ रहेको मन्त्र छ । यहाँ युवती/किशोर हुँदै जाँदा किशोर वा युवासँग विवाह अगाडि शारीरिक सम्बन्धतर्फ लाग्नु हुन्न भन्नका लागि ब्रह्मचर्य शब्द प्रयोग भएको हो । विवाह अगाडि यस्तो कर्म गरेमा दुराचार वा व्यभिचार मानिएको छ ।

---

[१] ब्रह्मचर्येण कन्यायुवानां विन्दते पतिम् । अथर्ववेद ११।५।१८ ।

बाल्यकाल(अञ्जान अवस्थामा) मै विवाह गर्नु भनेको भए कन्याले आफू ब्रह्मचर्यमा रही ब्रह्मचर्यमै रहेको वर चुन्नुपर्छ भन्ने चिन्तन आउँदैन थियो । यसरी नै ऋग्वेदको एक मन्त्रले युवकले शुभगुण, कर्म र स्वभाव स्थापित गर्न सक्ने शिक्षा पाएकी र धर्म मार्गमा लागेकी कन्यालाई वधूका रूपमा ग्रहण गरोस्[२] भन्ने अर्थ दिएको छ ।

वर वा वधू दुवैले अनुकुल आचरण र लक्षण रहेको व्यक्तिलाई रोज्नुपर्छ भन्ने शिक्षा वेदमा छ । धर्म वा ज्ञानले परिपक्वतालाई महत्त्व दिएको छ । यसैको आधार लिएर स्मृतिहरू बनेका हुन् । स्मृतिहरूका व्यवहार(कानुन) अध्यायमा समय अनुसार हेर फेर हुँदै आएका छन् । यो त देशको कानुन हो । कानुन त समय अनुसार स्वाभाविक रूपमा परिवर्तन हुन्छ नै तर धर्मसँग जोडेर सबै कुरा हेर्न मिल्दैन । धर्म त आचार हो अर्थात व्यवहारमा जाँदा अपनाउने आचरण हो । आजभोलि समाजमा देखिएको बालविवाह धर्मका कारण आएको भन्ने भ्रम छ र धेरैले मनुस्मृति ९ अध्यायको ९४ श्लोकमा रहेको ३० वर्षको युवक र १२ वर्षकी कन्या र २४ वर्षको युवक र ८ वर्षकी कन्याका साथ विवाह गर्नू[३] भनेर उल्लेख भएको कुरालाई इङ्गित गर्ने प्रचलन छ । तर यो क्षेपक हो भन्ने कुरा प्रायःलाई थाहा छैन । यस श्लोक अगाडि पत्नीको अधीनमा सन्तानोत्पादन, धर्म, कर्म, सेवा, उत्तमप्रेम, पितृहरूको उद्धार र स्वयं पुरुषको आफ्नो उद्धार र स्वर्ग पनि रहेको हुन्छ[४] भनेर उल्लेख गरिएको छ । त्यति सानो उमेरमा विवाह हुँदा पत्नी हुने स्त्रीले गर्भधारण, धर्मकर्म र पितृउद्धारको सञ्चेतना लिएको हुन्छ र ? यस्तो विचार दिने शास्त्रले उक्त कुरा कसरी दिन सक्छ ? महाभारत अध्ययन गर्दा पनि अनुशासशनपर्वमा यही कुरा आएको छ ।

विवाहमा लेनदेनः

वरकन्या वस्तु होइनन् त्यसैले विवाहमा लेनदेन अधार्मिक कुरा हुन् । बालक कालमा भएका विवाह र विवाहमा हुँदै आएका लेनदेनका विषयमा हामीले गम्भीर भएर यी शास्त्रमा यस्ता कुराहरू कसरी आएका रहेछन् ? अनुसन्धान गर्नु आवश्यक छ । यसरी नै दहेज र केटीका अभिभावकलाई धन दिएर पनि विवाह गर्ने परम्पराहरू देखिन्छन् तर शास्त्रहरू यस्ता कुरामा स्पष्ट भन्दछन्ः

यद्यप्याचरितः कैश्चिन्नेषः धर्मः सनातनः ।

अन्येषामपि दृश्यन्तेलोकतः सम्प्रवृत्तयः ।।४६। २१ महाभारत अनुशासनपर्व ।

---

[२] आस्थापयन्तयुवतिं युवानः शुभे निमिश्लां विदथेषु पज्राम् ऋग्वेद १।१६७।६ ।

[३] त्रिंसद्वर्षोद्वहेतकन्यां हृद्यां द्वादशवार्षिकीम् ।

त्र्यष्टवर्षोऽष्टवर्षा वाधर्मे सीदती सत्वर : ॥ ९।९४ मनुस्मृति ।

[४] अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा ।
दाराधीनस्तथा स्वर्गः पितृणामात्मनश्च ह । ९।२८ मनुस्मुति ।

विवाहमा लेनदेन हुन्छ भने त्यो सनातन धर्मको आचरण होइन लोकार हुन सक्छ । लोकाचारवस् यस्ता प्रचलनहरू समाजमा आएका हुन सक्छन् । लोकाचार वस् आएका हुन सक्छन् भनेपछि यस्ता अधार्मिकुराबाट सचेत रहन पनि सन्देश दिएको छ ।

विवाह प्रमरणमा रहेका मनुस्मृतिका अन्य श्लोकहरू पढ्दा बालविवाहलाई प्रश्रय दिएको भेटिँदैन ।

विवाहमा स्त्रीको प्रसन्न चित्त भएको छैन भने उसले कसरी त्यो पुरुषको घरलाई सहज बनाउन सक्छे र उक्त विवाहमा पुरुष प्रसन्न रहेको छैन भने कसरी सन्तान प्राप्ति हुन्छ । स्त्री प्रसन्न भएपछि मात्र त्यो घरमा सुख र कुल प्रदीप्त हुन्छ । यदि अप्रसन्न रहेमा कुलपरिवारमै मलिनता आउँछ । केटाकेटी एक आपसमा प्रसन्न रहने परिवेसमा मात्र विवाह गर्नुपर्छ ।[५]

विवाहको कुरा युवायुवतीकै विषय हो त्यसैले युवायुवतीले

यौवनयुक्त (युवा अवस्थामा पुगेर) शरीर र मनले पवित्र रहेकी प्रेरणादातृ वधू अलङ्कारले सजिएर आफूले चुनेको योग्य पुरुषका समिपमा विवाहकर्मद्वारा प्राप्त हुन्छे । घिउसमान शुद्ध र देदीप्यमान हुँदै त्यो युवा वा पुरुष युवती नजिक रहेर ऐश्वर्यवान् हुन्छ । त्यो पुरुष इन्धन बिना नै प्रज्वलित वा प्रकाशित हुन्छ भनिएको छ । यहाँ आफूले चुनेकी भन्ने चिन्तन आएको छट भने कसरी बालविवाह वेदमा रहेको छ र ? वेदकै व्याख्याका रूपमा स्मृतिशास्त्रहरू आएका हुन् । यसरी मनुस्मृति बाहेकका स्मृतिहरूलाई हेर्दा पनि बालविवाहलाई विषयमा निरुत्साहित गरेकै देखिन्छ ।

यसर्थ बालविवाह आर्थिक, सामजिक अन्य कुनै कारणबाट रहेको छ । यसका लागि बालविवाह हुन नदिन सामाजिक, राजनीतिक र शैक्षिक चेतनाको आवश्यकता रहेको देखिन्छ । पूर्वीय वैदिक सनातन हिन्दूधर्मले विवाह शब्द पारिवारिक वा गृहस्थ भार वहन गर्न सक्ने भन्ने बुझाउनका लागि प्रयोग गरेको छ । वि उपसर्ग पूर्वक वह धातुबाट विवाह शब्द बनेको छ । वह धातुले वहन गर्ने अर्थ दिएको छ । परिपक्व नभएसम्म गृहस्थ जीवनको भार वहन गर्नसक्ने कुरै हुँदैन ।

---

[५] यदि हि स्त्री न रोचेते पुमांसं न प्रमोदयेत् । अप्रमादोत्पुनः युंसः प्रजननं न प्रवर्तते ॥

स्त्रियां तु रोचमानायां सर्व तद्रोचते कुलम् । तस्यां त्वरोचमानायां सर्वमेव न रोचते ॥

३।६१,६२ मनुस्मृति ।

[६] तमस्मेरा युवतयो युवानां ममृज्यमानाः परि यन्त्यापः ।

स शुक्रेभिः शिक्वभी रेवदस्मे दीदायानिध्मो घृतनिर्णिगप्सु ॥ ऋग्वेद २।३५।४

हामीले बालविवाहका कारणहरू खोजी त्यसको निवारणका उपायहरू निकाल्नु आवश्यक छ । सत्य पहिल्याउन नसकेसम्म भ्रम नै सत्य लागिरहन सक्छ । यसर्थ वैदिक सनातन हिन्दूधर्म हिन्दू समुदायमा देखिएको बालविवाहको आधार होइन ।

बालिका बलात्कारीलाई दण्डः

धर्मशास्त्रहरू हरेक पिषयमा त्यत्तिकै सचेत छन् । नाबालिकालाई कामवस बलात्का गर्नेलाई हात काटिदिने वा प्राणदण्ड दिने कडा नीति रहेको छ ।[७] याज्ञवल्क्य स्मृतिमा उल्लेख भएको छः जसले कुमारी कन्यामा व्यभिचार वा बलात्कार गर्छ त्यसको हात काट्ने वा वध गरिदिनुपर्छ । कौटिलीय अर्थशास्त्र, प्रकरण ८७ मा पनि यस्तै नीतिको उल्लेख छः आफ्नो वर्णकी रजस्वला नभएकी कन्यालाई करणी गर्ने दूराचारीको हात काटिदिनुपर्छ । अथवा चार सयपण दण्ड तिराउनुपर्छ । कन्याको मृत्युभएको छ भने दूराचारीलाई पनि मृत्युदण्ड दिनुपर्छ । [८]

---

[७] दूषेण तु करच्छेद उत्तमायां वधस्तथा ॥ व्य.अ.२८८ याज्ञवल्क्यस्मृति ।

[८] सवर्णामप्राप्तफलां कन्यां प्रकुर्वतो हस्तवधश्चतुःशतो वा दण्डः मृतायां वधः ॥
कौटिलीय अर्थशास्त्र, प्रकरण ८७ अध्याय १२ कन्याप्रकर्म । विद्यार्थी पुस्तकभण्डार ।